नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग
(प्रशासन तथा सहकारी प्रवर्धन शाखा)

फोन/फ्याक्स नं. : ४४६५३६२
Email: sahakaribivag@gmail.com
website: www.deoc.gov.np

नयाँबानेश्वर, काठमाडौं

पत्रसंख्या :-
चलानी नं.- ९६३

मिति : -२०७५/०५/१३

विषय : - साझा (सहकारी) संस्थाबाट साना किसानले लिएको ऋणको विवरणबारे ।

श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
सातवटै प्रदेश ।

आ. व. २०७५/०७६ को बजेट वक्तव्यको बुँदा नं. ७८ मा साना किसानहरूले तत्कालीन साझा (सहकारी) संस्थाहरूबाट लिएको ऋण मिनाहा दिने व्यवस्था भएको बेहोरा विदितै छ । तदनुसार अर्थ मन्त्रालयको च. नं. २२५, मिति २०७५/०५/०७ को पत्रबाट ऋणीहरूको विवरण छानविन गरी सिफारिस गर्न साझा (सहकारी) संस्थाहरूले साविकमा साना किसानहरूलाई प्रवाह गरेको ऋणको अद्यावधिक विवरण ३ दिनभित्र उपलब्ध गराइदिन लेखिआएको छ । यही २०७५ साउन १ गतेदेखि सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय र डिभिजन सहकारी कार्यालयहरू खारेज भई नियमन क्षेत्राधिकारअनुरूप स्थानीय तह, तहाँ र विभागमा अभिलेख हस्तान्तरण भएको हुँदा देहायबमोजिम गरी देशैभरिको विवरण एकत्रित पारी सिफारिस गर्ने व्यवस्था मिलाउनु वाञ्छनीय देखिएको छ :-

(क) बजेट वक्तव्यको बुँदामा तत्कालीन साझा (सहकारी) संस्थाहरूबाट लिएको ऋण भन्ने बेहोरा उल्लेख भएबमोजिम सहकारी ऐन, २०४८ जारी भएको मिति २०४९/०२/०२ को अघिल्लो दिनसम्म साझा (सहकारी) संस्थाहरूबाट लिएको ऋणको विवरण सङ्कलन गर्ने;

(ख) खण्ड (क) बमोजिमको विवरण विभाग, प्रदेश वा स्थानीय तह जहाँको नियमन क्षेत्राधिकारमा पर्ने हो तहाँबाटै सम्बन्धित साझा (सहकारी) संस्थाहरूलाई जानकारी गराएर प्राप्त गर्ने;

(ग) हाल कतिपय कारणबाट निष्क्रिय अवस्थामा रहेका साझा (सहकारी) संस्थाहरूको हकमा अभिलेख हेरी आर्थिक वर्ष २०४८/४९ को वार्षिक लेखापरीक्षण प्रतिवेदनमा संलग्न ऋण-सूचीलाई आधार मानी सम्बन्धित नियामक निकायबाटै विवरण एकत्रित गर्ने व्यवस्था मिलाउने;

(घ) कुनै कारणवश सम्बन्धित नियामक निकायमा खण्ड (ग) बमोजिमको ऋण-सूची नभेटिएमा ऋण खाताबाट ऋण-सूची तयार पार्ने;

(ङ) साझा (सहकारी) संस्थाबाट पेस भएको विवरण सम्बन्धित नियामक निकायबाट जाँच गरी पत्रसाथ विभागमा पठाउने तथा विभागले सङ्कलित विवरण भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमार्फत अर्थ मन्त्रालयमा पठाउने;

(च) यस सम्बन्धमा प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका तर्फबाट प्रदेशका सबै स्थानीय तहहरूमा अनुरोध गरी पठाउने र

(छ) विवरण सङ्कलन एवं एकत्रित गर्ने कार्यमा आवश्यक सहयोग पुर्याउन राष्ट्रिय सहकारी महासङ्घबाट समेत सबै जिल्ला सहकारी सङ्घहरूलाई परिपत्र गरिदिने ।

उपर्युक्तानुसार आवश्यक व्यवस्थाका लागि निर्देशानुसार अनुरोध गर्दछु ।

........ ७५/५/१३
(नारायणप्रसाद अर्याल)
उप-रजिष्ट्रार

बोधार्थ
श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
श्री अर्थ मन्त्रालय (वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा) सिंहदरवार, काठमाडौं ।

बोधार्थ तथा कार्यार्थ
श्री राष्ट्रिय सहकारी महासङ्घ, पुल्चोक, ललितपुर ।